कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १३५ | वि.सं. २०८३ भदौ ११ बिहीवार | नेपाल संवत: ११४५, श्रावण शुक्ल चतुर्दशी | Thursday 27 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## उपभोक्ताको रोजाइमा कर्णालीको स्याउ



युग संवाददाता
बाँके, १० भदौ ।

भारतीय सीमावर्ती सहर नेपालगञ्जमा यतिबेला कर्णालीको स्याउले भारतीय स्याउलाई विस्थापित गर्दै बजार लिन सफल भएको छ। भारतीय स्याउको तुलनामा कर्णाली प्रदेशको जुम्ला, कालीकोट, हुम्ला र मुगुमा फलेका स्वादिष्ट स्याउ उपभोक्ताको रोजाइमा परेको नेपालगञ्जका थोक फलफूल व्यवसायी प्रेमलाल साहुले बताए।

"बाँकेको नेपालगञ्ज,कोहलपुर, दाङको तुलसीपुर, घोराही, लमहीमा मुख्य फलफूल बजारदेखि गल्ली-गल्लीका ठेलासम्म अहिले राताम्मे कर्णालीकै स्याउ देख्न सकिन्छ", उनले भने, "सस्तो मूल्य र उत्कृष्ट स्वादका कारण उपभोक्ताको रोजाइमा कर्णालीको स्याउ पर्न थालेको छ।"

उनका अनुसार भारतीय स्याउको तुलनामा कर्णालीको स्याउ निकै सस्तो र गुणस्तरीय भएकाले यसको माग उच्च छ। भारतीय स्याउ प्रतिकिलो रु २५० मा बिक्री भइरहेका बेला कर्णालीको ताजा र अर्ग्यानिक स्याउ किलोको रु १५० मा पाइन्छ। हिमाली हावापानीमा फलेको कर्णालीको स्याउ बढी स्वादिलो हुने भएकाले सर्वसाधारण यसतर्फ आकर्षित भएका हुन्।

कर्णाली राजमार्ग सञ्चालनमा आउनुअघि कर्णालीको स्याउ तराईका सहरहरूमा पुर्‍याउनु ठूलो चुनौती थियो। अहिले किसान र व्यापारीले सहज रूपमा स्याउ तराईका जिल्लामा पुर्‍याएर बिक्री

बाँकी ३ पेजमा

## पश्चिमी नाकाबाट नेपाल भित्रिने विदेशी पर्यटक बढे

युग संवाददाता
कञ्चनपुर, १० भदौ ।

कञ्चनपुरको पश्चिमी नाका गड्डाचौकीबाट नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या बढ्दै गएको छ।

अध्यागमन कार्यालय गड्डाचौकीका अनुसार पछिल्ला केही वर्षयता यो नाका भएर नेपाल भित्रिने पर्यटकको संख्यामा वृद्धि हुँदै गएको पाइएको छ।

उनका अनुसार गत आर्थिक वर्षमा एक हजार ७५३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन। यस्तै, रु एक करोड पाँच लाख १८ हजार ११९ राजस्व सङ्कलन भएको सूचना नवराज अधिकारी भट्टले जानकारी दिए। उनका अनुसार एक हजार ५३४ पर्यटक यो नाकाबाट बाहिरिएका छन्।

कार्यालयका अनुसार २०२२ मा ५४२ पर्यटक सो नाका भएरस नेपाल आएका थिए। त्यस्तै, २०२३ मा ९८३ र २०२४ मा एक हजार १५४ जना विदेशी पर्यटक यो नाका भएर नेपाल आएको अध्यागमनको तथ्याङ्क छ।

सुदूरपश्चिममा पर्यटनका थुप्रै सम्भावना भए पनि पश्चिमी नाकाबाट नेपाल आएका पर्यटक काठमाडौँ, पोखरालगायतका सहरमा जाने गरेका छन्।

सुदूरपश्चिममा खप्तड, बडिमालिका, रामारोशनर शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलगायतका प्रमुख पर्यटकीय गन्तव्य रहे पनि पूर्वाधारको अभाव र प्रचार प्रसार नहुँदा यो नाकाबाट आएका पर्यटक समेत अन्यत्र जाने गरेको यहाँका पर्यटन व्यवसायी बताउँछन्।

"विदेशी पर्यटक भित्रिने गड्डाचौकी नाका प्रमुख नाका हो

बाँकी ३ पेजमा

# अकाल्पनिक भोटेकोशीको बाढीले अतुलनिय जनधनको क्षति

> "बुधबार साँझसम्म ७२ जनाको शव फेला परेको छ, भने दुई सय बढीको नेपाली सेनाको हेलिकप्टरबाट उद्दार भएको छ।



युग संवाददाता
सुर्खेत, १० भदौं ।

रसुवावासीले बुधबार बिहान भोटेकोशीमा यति ठूलो बाढी आउला भन्ने कल्पना पनि गरेका थिएनन्। मंगलबार दिउँसो र राति सदरमुकाम धुन्चे वा भोटेकोशीको सिरान क्षेत्रमा उल्लेख्य वर्षा भएको थिएन। त्यसैले स्थानीय प्रशासनले पनि सम्भावित बाढीबारे कुनै सूचना वा सतर्कता जारी गरेको थिएन।

बुधबार बिहान उज्यालो भइसकेपछि पनि भोटेकोशी सामान्य अवस्थामै बगिरहेको थियो। स्थानीयवासी आ-आफ्नो काममा व्यस्त थिए। तर, करिब पौने ९ बजेतिर अवस्था एक्कासि बदलियो। माथिल्लो क्षेत्रबाट कालो मुस्लोसहितको बाढी भोटेकोशीमा उर्लिएको देखियो। केही क्षणमै नदीले आफ्नो सामान्य बहावको रूप गुमायो।

स्थानीयवासीका अनुसार बाढी आउँदा भूकम्प गएजस्तो जमिन हल्लिएको महसुस भएको थियो। ढुंगा, माटो र रुखका ठुटासहित आएको बाढीको आवाजले आसपासका बस्ती थर्किएका थिए। अचानक आएको बाढी यति तीव्र थियो कि धेरैले भागेर ज्यान जोगाउने मौकासमेत पाएनन्। उक्त बाढीमा परी कति जनाले ज्यान गुमाए वा वेपत्ता भए भन्ने एकिन तथ्यांक आएको छैन। बुधबार साँझसम्म ७२ जनाको शव फेला परेको छ, भने दुई सय बढीको नेपाली सेनाको हेलिकप्टरबाट उद्दार भएको छ। जलविद्युत उत्पादनको हव मानिने रसुवा र नुवाकोटमा देशको अधिकांश जिल्लाबाट मजुदरीका लागि आएकाहरुको ठुलो संख्यामा पनि बाढीको चपेटामा परेको छ।

स्थानीयले यसलाई पछिल्ला केही दशकयताकै सबैभन्दा ठूलो बाढीमध्ये एक भनेका छन्। रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारका अनुसार बाढी पूर्णतः अप्रत्याशित थियो। कुनै पूर्वसंकेत नपाएकाले सर्वसाधारणसँगै सुरक्षाकर्मीले पनि खतराको भेउ पाउन सकेनन्। बाढीपछि सशस्त्र प्रहरीको बीओपीमा ड्युटीमा रहेका इन्स्पेक्टर अम्बिर खत्रीसहित केही सुरक्षाकर्मी सम्पर्कविहीन छन्।

इलाका प्रहरी कार्यालय टिमुरे, प्रहरी चौकी स्याफ्रुबेँसी र प्रहरी चौकी रसुवागढीमा समेत ठूलो क्षति पुगेको छ। बाढीले बस्ती र भौतिक संरचना बगाउँदै लगेका दृश्य सामाजिक सञ्जालमा सार्वजनिक भएका छन्। ती दृश्यले ठूलो जनधनको क्षति भएको संकेत गर्छन्। यद्यपि, तत्कालै क्षतिको यकिन विवरण आउन सकेको छैन। जटिल भौगोलिक अवस्थाका कारण उद्धार र खोजी कार्यसमेत चुनौतीपूर्ण बनेको छ।

यसपालिको बाढी स्थानीय वर्षाका कारण मात्रै आएको देखिँदैन। नेपालतर्फ भोटेकोशीको सिरानमा वर्षा नभएको अवस्थामा एक्कासि यति ठूलो बाढी आउनुले माथिल्लो हिमाली क्षेत्रमा कुनै असामान्य घटना भएको हुन सक्ने आशंका गरिएको छ।

तिब्बततर्फको कुनै हिमताल फुटेर बाढी आएको वा हिमपहिरोले नदी थुनेर एक्कासि पानीको निकास खुलेको हुन सक्ने प्रारम्भिक अनुमान छ। सरकारी निकायले यसको औपचारिक पुष्टि भने गरिसकेको छैन। प्रजिअ परियारले स्थानीय अगुवा, जनप्रतिनिधि र सुरक्षा निकायसँगको छलफलका आधारमा हिमताल फुटेको हुन सक्ने आशंका गृह मन्त्रालयलाई जानकारी गराइएको बताएका छन्।

गत वर्ष पनि यही क्षेत्रमा चीनतर्फको अविरल वर्षापछि भीषण बाढी आएको थियो। त्यसबेला १८ जनाभन्दा बढी सम्पर्कविहीन भएका थिए। तर, अघिल्लो घटनामा चीनतर्फ वर्षा भइरहेको सूचना पहिल्यै प्राप्त भएकाले स्थानीयलाई सतर्क गराइएको थियो। यसपालि भने त्यस्तो पूर्वसूचना नहुँदा जोखिमको आकलन र पूर्वतयारी हुन सकेन।

भोटेकोशीको बाढी त्रिशूली नदीमा मिसिने भएकाले यसको असर रसुवामा मात्रै सीमित भएन। त्रिशूली हुँदै नुवाकोट, धादिङ र चितवनतर्फ समेत ठुलो क्षति भएको छ। नदी आसपासका बासिन्दालाई सुरक्षित स्थानमा जान र उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ। रसुवा नेपालको उत्तरी सीमामा चीनको तिब्बतसँग जोडिएको हिमाली जिल्ला हो। करिब एक हजार पाँच सय १२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको जिल्लाको भूगोल तल्लो पहाडी क्षेत्रदेखि अग्ला हिमालसम्म फैलिएको छ।

लाङटाङ हिमाल, लाङटाङ राष्ट्रिय निकुञ्ज, गोसाइँकुण्ड र चीनसँगको प्रमुख व्यापारिक नाका रसुवागढी यही जिल्लामा पर्छन्। तिब्बतबाट नेपाल प्रवेश गर्ने भोटेकोशी टिमुरे, रसुवागढी र स्याफ्रुबेँसी हुँदै तल बग्छ। साँघुरा उपत्यका, तीव्र बहावका नदी र हिमाली भूगोलका कारण रसुवा बाढी, पहिरो र हिमाली विपद्को उच्च जोखिममा रहेको जिल्ला हो।

## जलविद्युत्मा ठुलो क्षति

बाढीले ऐतिहासिक बेत्रावती बजारसहित टिमुरे र स्याफ्रुबेँसी क्षेत्रमा ठूलो क्षति पुर्‍याएको छ। लाङटाङ र गोसाइँकुण्ड क्षेत्रतर्फ जाने पर्यटकसमेत प्रभावित भएका छन्। भोटेकोसी बाढीमा तीन सय ८४ जना पर्यटक बेपत्ता भएको नेपाल पर्यटन बोर्डले जनाएको छ। यो संख्या नेपाली र विदेशी पर्यटकको हो।

भोटेकोशी नदीमा आएको विषण बाढीका कारण १३ जलविद्युत आयोजनामा ठुलो क्षति पुगेको छ। नेपाल विद्युत प्राधिकरण र स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) को प्रारम्भिक तथ्यांक अनुसार उर्जा उत्पादनको हव मानिने रसुवा र नुवाकोट जिल्लामा सञ्चालन र निर्माणका क्रममा रहेका सात सय ४८ मेगावाट १३ जलविद्युत आयोजनामा ठुलो क्षति भएको छ।

सञ्चालनमा रहेका आयोजनाबाट विजुली उत्पादन पूर्णरुपमा बन्द भएको छ, भने निर्माणाधिन आयोजनाका सिभिल र हाइड्रोमेकानिकल संरचनामा ठुलो क्षति पुगेको जनाइएको छ। इप्पानका अनुसार निजी क्षेत्रबाट सञ्चालित चार आयोजनाबाट उत्पादन हुने तीन सय ५४ मेगावाट विजुली पूर्णरुपमा बन्द भएको छ।

त्यस्तै, सरकारकारी लगानीका चार आयोजनाबाट उत्पादन हुने एक सय २३ मेगावाट विजुली उत्पादन पूर्णरुपमा बन्द भएको छ। त्यस्तै, रसुवा र नुवाकोटमा निजी क्षेत्रबाट निर्माणाधिन तीन सय ४२ मेगावाटका पाँच आयोजनमा ठुलो क्षति पुगेको छ। तथ्यांक अनुसार रसुवा जिल्लामा निजी क्षेत्रद्वारा सञ्चालित रसुवागढी एक सय ११, सान्जेन खोला ७८, लाङटाङ खोला २०, चिलिमे २२ गरी दुई सय ३१ मेगावाट क्षमताका आयोजना पूर्णरुपमा बन्द भएका छन्।

त्यस्तै, रसुवा जिल्लामा निजी क्षेत्रबाट निर्माण भइरहेका माथिल्लो त्रिशुली-१, एक सय २६, रसुवा-भोटकोशी एक सय २०, माथिल्लो मेलुङ-ए ६.४२ गरी तीन सय ४२ मेगावाट क्षमताका आयोजनाका सिभिल र हाइड्रो संरचनामा ठुलो क्षति

बाँकी ३ पेजमा



## सम्पादकीय....

# भूकम्पपछि पहिरोको कहर

जाजरकोटको भेरी नगरपालिका-२, रिसाङकी ६२ वर्षीया धनसरी कामीका लागि विपत्तिको कथा सकिएको छैन । १७ कात्तिक २०८० को भूकम्पले घर बस्न नमिल्ने बनाएपछि अस्थायी टहरामा पुगेकी उनी ३० साउनको पहिरोपछि फेरि सेल्टरमा पुगेकी छन् । यसपटक पहिरोले उनको घर मात्रै बगाएन, जीविकाको आधार बनेको खेतीयोग्य जमिनसमेत खोला बनाइदियो । भूकम्पले घरविहीन बनाएको ३४ महिनापछि स्थायी घरमा फर्कने आशा बोकेकी धनसरी अहिले फेरि 'अब कहाँ बस्ने ?' भन्ने प्रश्नसँग जुधिरहेकी छन् । धनसरीको पीडा एक्लो होइन । रिसाङका महिमा विक, कुमारी विकलगायत धेरै परिवारले त्यही नियति भोगेका छन् । भूकम्पपछि सरकारले दिएको ५० हजार रुपैयाँबाट बनाइएको अस्थायी टहरो नै उनीहरूको घर बनेको थियो । त्यही टहरो पहिरोले बगाएपछि उनीहरू अहिले अस्थायी सेल्टरमा आश्रित छन् । पहिरोमा चारजनाले ज्यान गुमाए, ११ जना घाइते भए । सयौँ नागरिक विस्थापित भए । कतिपयको घरसँगै पुस्तौंदेखि जीविकाको आधार बनेको जमिनसमेत रहेन ।

भेरी नगरपालिकाका अनुसार विभिन्न अस्थायी होल्डिङ सेन्टरमा चार सय ६९ जना विस्थापित छन् । उनीहरूमध्ये बालबालिका, महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संख्या उल्लेख्य छ । यस्तो अवस्थामा राहत, खाना र अस्थायी बास उपलब्ध गराउनु तत्कालीन दायित्व हो । तर, समस्याको समाधान त्यतिमै सीमित छैन । सबैभन्दा गम्भीर प्रश्न दीर्घकालीन पुनर्वासको हो । प्राविधिक टोलीले प्रभावित बस्ती तत्काल बस्न योग्य नरहेको निष्कर्ष निकालेको छ । कतिपय ठाउँमा नागरिकलाई राखिएको अस्थायी सेल्टरसमेत सुरक्षित नभएको बताइएको छ । यस्तो अवस्थामा 'घर फर्क' भन्नु झन् ठूलो जोखिम निम्त्याउनु हो । अब सरकारले राहत वितरणभन्दा एक कदम अघि बढेर सुरक्षित पुनर्वासको स्पष्ट योजना बनाउनुपर्छ । रिसाङलगायतका बस्तीमा सडक निर्माण, भू-क्षय, कमजोर भूगर्भ र वर्षाका कारण जोखिम बढेको स्थानीयको गुनासो छ । त्यसैले जोखिमयुक्त बस्तीको प्राविधिक अध्ययन, जोखिम नक्सांकन र सुरक्षित स्थानको पहिचान तत्काल आवश्यक छ ।

सम्भावित जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्दा जग्गा, आवास, खानेपानी, विद्यालय, स्वास्थ्य सेवा र जीविकोपार्जनका आधारसमेत सुनिश्चित गरिनुपर्छ । जाजरकोट भूकम्पपछि पुनर्निर्माणमा भएको ढिलाइले नागरिकलाई लामो समय अस्थायी जीवन बिताउन बाध्य बनायो । अब पहिरोले उनीहरूको बाँकी आशासमेत बगाएको छ । एउटै नागरिकले पटक-पटक विपत्ति भोगिरहनु र हरेकपटक राहतकै प्रतीक्षामा बस्नु राज्यको विपद् व्यवस्थापन प्रणालीमाथिको गम्भीर प्रश्न हो । धनसरीजस्ता नागरिकलाई अब अर्को त्रिपाल होइन, सुरक्षित भविष्य चाहिएको छ । सरकारले पहिरोपीडितलाई अस्थायी सेल्टरमा थन्क्याएर आफ्नो दायित्व पूरा भएको ठान्नु हुँदैन । उनीहरूमा उब्जिएको अब हामी कहाँ जाने ? भन्ने प्रश्नको जवाफ राज्यले तत्काल दिनुपर्छ । विपद्पछि उद्धार गर्नु राज्यको दायित्व हो, तर नागरिकलाई सुरक्षित र सम्मानजनक जीवनमा फर्काउनु त्योभन्दा ठूलो जिम्मेवारी हो । दुखमा परेका नागरिकको उद्दार, राहत र पुनर्स्थापना गर्नु राज्यको पहिलो दायित्व हो । यो दायित्वबाट राज्य कदापी भाग्न मिल्दैन ।

# नगरेको गल्तीको सजाय भोग्दै मुस्ताङवासी



मोहनसिंह लालचन

मुस्ताङ नेपालको उच्च हिमाली तथा ट्रान्स-हिमालय क्षेत्रमा पर्ने भएकाले जलवायु परिवर्तनका प्रभावप्रति अत्यन्त संवेदनशील अवस्थाबाट गुज्रिदैछ । यहाँ तापक्रम वृद्धि, वर्षा र हिमपातको स्वरूपमा परिवर्तन, हिमनदी तथा हिउँ पग्लिने क्रम, पानीका स्रोतमा परिवर्तन र चरम मौसमी घटनाले कृषि, पशुपालन, जैविक विविधता र स्थानीय जनजीवनमा प्रभाव पारिरहेका छन् ।

मुस्ताङमा जलवायु परिवर्तन केवल तापक्रम बढ्ने विषय मात्र होइन; यसले पानी, कृषि, पशुपालन, जैविक विविधता, संस्कृति, पर्यटन र स्थानीय अर्थतन्त्रलाई एकसाथ प्रभावित गरिरहेको छ । त्यसैले मुस्ताङका लागि स्थानीय ज्ञान र आधुनिक विज्ञानलाई जोडेर जलवायु उत्थानशील कृषि, पानी संरक्षण र जोखिम न्यूनीकरणमा आधारित दीर्घकालीन योजना आवश्यक छ । २०२५ को मुस्ताङ कृषि-जैविक विविधता सर्वेक्षणले पनि जलवायु परिवर्तनका कारण हिमनदी पग्लिनु, मौसमको स्वरूप परिवर्तन र हिमपातमा कमीले कृषि तथा पानीका स्रोतमा खतरा बढाएको उल्लेख गरेको छ ।

### वातावरणीय प्रभाव

मुस्ताङमा विगतका दशकमा तापक्रम बढ्दो क्रममा रहेको अध्ययनहरूले देखाएका छन् । मुक्तिनाथ क्षेत्रमा गरिएको अध्ययनमा १९८५-२०१६ बीच अधिकतम, न्यूनतम र औसत तापक्रममा क्रमशः वृद्धि देखिएको छ । तापक्रम वृद्धिसँगै हिमपातमा कमी र हिउँ पग्लिने समयमा परिवर्तन आउँदा वातावरणीय सन्तुलन तथा जनजीवनमा प्रत्यक्ष असर देखिएको छ ।

मौसम (पुस-माघ) मा हिउँ नपर्ने बेमौसम (चैत-वैशाख)मा हिउँ पर्ने गर्दा पानीका मुहानहरु सुक्न जाने तथा जमिनमा आद्रता नहुँदा सुक्खा पहिरो जाने समस्या देखिन थालेको छ । गर्मीयाममा हिउँ पर्दा चाँडै पग्लिने भएकाले पहाडमा हिउँमा मात्रा घट्न गई कालापथ्थरमा परिणत हुने गरेको छ । जाडोमा पर्याप्त हिमपात नहुने र हिउँ पहिलेभन्दा छिटो पग्लिने प्रवृत्तिले हिमाली जलचक्रमा असर पारेको छ । यसले सिँचाइ तथा खानेपानीमा दीर्घकालीन चुनौती सिर्जना गर्न शुरु भएको छ ।

जलवायु परिवर्तनसँगै पहिरो, हिमपहिरो, चट्टान खस्ने घटना तथा अन्य चरम मौसमी जोखिम बढ्न सक्छन् । हिमनदी तथा स्थायी हिउँ पग्लिँदा हिमाली भू-भाग अस्थिर हुने सम्भावनासमेत रहन्छ । तापक्रम र पानीको उपलब्धतामा आएको परिवर्तनले वनस्पति, चरन क्षेत्र तथा वन्यजन्तुको बासस्थानमा प्रभाव पारिरहेको छ । नीलो भेडा तथा हिमचितुवाजस्ता उच्च हिमाली वन्यजन्तुको बासस्थान र आहार प्रणालीमा समेत परिवर्तनको जोखिम देखिएको छ । यसको असर कृषि, पशुपालन, संस्कृति र जैविक विविधतामा समेत परेको छ ।

### जनजीवनमा असर

मुस्ताङको कृषि र बस्तीहरू सिँचाइका लागि स्थानीय मुहान, हिमपानी र मौसमी पानीमा निर्भर रहेका छन् । वर्षा र हिमपातको अनिश्चितताले मुहान तथा सिँचाइ प्रणालीमा पानीको उपलब्धता कम हुँदै गएको छ । पानीको मुहान सुक्न गएपछि तीन वर्षअघि लोमाङथाङको २७ घर परिवार बस्दै आएको सोमजुङ बस्ती सोसेरमा स्थानान्तरण गर्नुपरेको छ ।

तापक्रम तथा वर्षाको परिवर्तनले बाली लगाउने र भित्र्याउने समय परिवर्तन भएको छ । फापर, जौ, गहुँ, आलु, सिमी तथा फलफूलजस्ता स्थानीय उत्पादनमा मौसमको अनिश्चितताले जोखिम बढाएको छ । सन् २०००-२०१६ बीच थासाङ क्षेत्रमा कृषि भूमि प्रयोगमा उल्लेख्य कमी देखिएको एक अध्ययनले जनाएको छ । चरन क्षेत्र र घाँसको उपलब्धतामा परिवर्तन हुँदा याक, चौंरी, च्याङ्ग्रा तथा अन्य पशुपालन प्रभावित हुन सक्छ । यसले परम्परागत हिमाली जीविकोपार्जन प्रणालीमा असर पार्छ ।

मुस्ताङको प्रसिद्ध स्याउ खेतीमा तापक्रम परिवर्तनले खेतीयोग्य क्षेत्र र उत्पादन प्रणाली परिवर्तन गर्ने सम्भावना बढाएको छ । जिल्लाकै पहिचानको रुपमा रहेको स्याउको उत्पादन पनि विस्तारै घट्न थालेको छ । जिल्लाको तल्लो भेगमा उत्पादन कम हुँदै उपल्लो भेगतिर राम्रो उत्पादन हुन थालेको देखिन्छ । यसरी उत्पादन सर्दै जाँदा केही वर्षमा जिल्लामा स्याउन नै नपाउने अवस्था आउनसक्ने जोखिम बढेको छ । केही स्थानमा बढ्दो तापक्रमले नयाँ तरकारी तथा फलफूल खेतीका अवसरसमेत सिर्जना गरेको देखिन्छ ।

तापक्रम बढेसँगै केही नयाँ कीरा, झिँगा तथा वनस्पति रोगको समस्या देखिएको अध्ययनमा उल्लेख छ । यसले कृषि उत्पादनको लागत र जोखिम बढाउन थालेको छ । मुस्ताङको पर्यटन प्राकृतिक सौन्दर्य, हिमाल, पदमार्ग, संस्कृति र मौसममा निर्भर छ । हिमपात, पहिरो, सडक अवरोध तथा चरम मौसमले पर्यटकको आवागमन र पर्यटन पूर्वाधारमा जोखिम बढाउन सक्छ ।

### अनुकूलनका उपायको खोजी

मुस्ताङमा जलवायु परिवर्तनसँग जुध्न जलस्रोत संरक्षण, वर्षाको पानी संकलन, साना पोखरी निर्माण, जलवायु-मैत्री कृषि, स्थानीय बीउ तथा पशु नस्ल संरक्षण, कृषि क्यालेन्डरमा परिवर्तन, कीरा नियन्त्रण, सिँचाइ प्रणाली सुधार र प्रारम्भिक चेतावनी प्रणालीलाई प्राथमिकता दिन आवश्यक छ । स्थानीय समुदायले पहिले नै कृत्रिम पोखरी निर्माण, बाली लगाउने/भित्र्याउने समय परिवर्तन तथा कीरा नियन्त्रणजस्ता उपाय अपनाइरहेका छन् ।

आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढेसँगै जिल्लामा सवारी चापमा वृद्धि, फोहरमैलाको समस्या र वायु प्रदूषणको समस्या बढ्न थालेको छ । सदरमुकाम रहेको घरपझोङ गाउँपालिकापालिकाको पहलमा फोहरलाई मोहरमा परिणत गर्ने उद्देश्यले फोहरमैला सङ्कलन केन्द्र निर्माण गरिएको छ भने फोहर उठाउन पनि विद्युतीय रिक्साको प्रयोग गरिएको छ । प्रदेश सरकारसँगको साझेदारीमा फोहरबाट कम्पोष्ट मल उत्पादन गर्ने कार्य हुँदैछ । यस्तै इसिमोड र प्राक्टिकल एक्सन नामक संस्थाको सहयोगमा पालिकामा घरभित्रको धुवँको प्रदूष्ण अन्त्य गर्न विद्युतीय चुलो, सौर्य तापीय प्रणालीजस्ता स्वच्छ ऊर्जाको प्रयोगमा जोड दिइएको छ । प्लाष्टिकलाई न्यूनीकरण गर्न कपडाको झोलाको प्रयोगलाई अनिवार्य गरिंदैछ ।

जलवायु परिवर्तनको नकारात्मक असरसँगै तापक्रम वृद्धिका कारण मौसमी तथा बेमौसमी तरकारी खेती राम्रो उत्पादन हुन थालेको छ । जिल्लालाई अर्गानिक जिल्ला घोषणामा जिल्लामै उत्पादित तरकारीले नपुग्ने हुँदा बाहिरबाट तरकारी, फलफूललगायत अन्य खाद्यान्न ल्याउन पर्दा कठिनाई भएको छ । जिल्लामा पर्यटकहरुको आगमन बढेसँगै सवारी साधनको सङ्ख्या बढेकाले प्रदूषणको समस्या न्यून गर्न विभिन्न स्थानमा विद्युतीय चार्जिङ स्टेशन स्थापना गरिएको छ ।

### जलवायु सम्मेलनको आयोजना

जलवायु परिवर्तनका असर, चुनौती र अनुकूलनका उपायबारे साझा धारणा बनाउने उद्देश्यले मुस्ताङको घरपझोङ गाउँपालिकाले यही भदौ ३० र ३१ गते राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गर्ने तयारी गरेको छ । सम्मेलनमा देशभरका ७५३ वटै स्थानीय तहको सहभागिता रहनेछ । सम्मेलनबाट हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनले पारेका प्रभाव, स्थानीय तहले भोगिरहेका जलवायुजन्य विपद् र समस्याको पहिचान गरी जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलनका साझा रणनीति बनाउने, स्थानीय तहहरूबीच अनुभव र ज्ञान आदान-प्रदान गर्ने तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यान जलवायु संकटतर्फ आकर्षित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

सम्मेलनको अन्त्यमा जारी गरिने 'घरपझोङ घोषणापत्र २०८३' मार्फत जलवायु परिवर्तनका असरविरुद्ध स्थानीय तहको साझा प्रतिबद्धता प्रस्तुत गर्ने लक्ष्य राखिएको छ । गत वर्ष भदौ ३० र ३१ गते तय गरिएको यस किसिमको सम्मेलन भदौ २३ र २४ को जेन्जी आन्दोलनका कारण स्थगित भएकामा यस वर्ष आयोजना गरिएको हो । जलवायु परिवर्तनका कारण यहाँ हिमपातको स्वरूपमा परिवर्तन, पानीका मुहान सुक्ने, चरन क्षेत्र घट्ने, हिमपहिरो, बाढी-पहिरो तथा नदी कटानजस्ता समस्याबाट बढी प्रभावित मुस्ताङको कालीगण्डकी नदी किनार, मुक्तिनाथ क्षेत्र र नीलगिरि हिमालको पृष्ठभूमिमा सम्मेलन आयोजना गर्दा सहभागीहरुले हिमाली क्षेत्रका समस्याको प्रत्यक्ष अनुभूति गर्नसक्ने र समाधानका विभिन्न उपायहरुका बारेमा पनि व्यापक छलफल गर्नसक्ने अवसर हुन सक्दछ ।

यस जलवायु सम्मेलन मुस्ताङको मात्र समस्या उठाउने कार्यक्रम नभई हिमालदेखि तराईसम्मका स्थानीय तहलाई एउटै मञ्चमा ल्याएर जलवायु न्याय र सामूहिक समाधान खोज्ने राष्ट्रिय पहलका रूपमा महत्वपूर्ण अवसरको रुपमा हेरिएको छ । स्थानीय जनताले नगरेको गल्तीको सजाय कसरी पाइरहेका छन् भन्ने अनुभूति पनि राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा गराउन सम्मेलन उपयोगी हुनसक्छ ।

*(प्रस्तुत विचार घरपझोङ गाउँपालिकाका अध्यक्ष लालचनसँग गरिएको कुराकानीमा आधारित)*

## विश्व

# बन्दुकमाथिको हस्तक्षेप उल्ट्याउँदै ट्रम्प

**क्रिस ब्राउन, १0 भदौ ।**

अमेरिकामा बन्दुकजन्य हिंसामा उल्लेख्य कमी आइरहेको छ । पाँच वर्षअघिको उच्च विन्दुको तुलनामा बन्दुक प्रयोगबाट गरिने हत्याका घटनामा करिब ३० प्रतिशतले कमी आएको छ । बाल्टिमोरमा हत्याको दर ५० वर्षयताकै न्यून विन्दुमा झरेको छ । यो प्रगति संयोगवश भएको होइन, यो प्रभावकारी नीतिगत समाधानमा गरिएको वर्षौंको लगानीको परिणाम हो । तर, संघीय हतियार नियममा ट्रम्प प्रशासनको पछिल्लो पूर्ण हस्तक्षेपले यो सबै प्रगतिलाई बिथोल्ने र राष्ट्रव्यापी रूपमा बन्दुकजन्य हिंसा बढाउने जोखिम देखिन्छ ।

यस हस्तक्षेपको एउटा परिणाम (कुल ३० भन्दा बढी प्रस्तावित नियामक परिवर्तन) ले बन्दुक कसरी किन्ने र बेच्ने भनेर नियन्त्रण गर्ने सुरक्षा उपायलाई ध्वस्त पार्नेछ । मुस्किलले नियमन गरिएको अनलाइन बन्दुक बजारले पृष्ठभूमि जाँचलाई समाप्त गर्नेछ र सीधै तपाईंको ढोकामा बन्दुक पुऱ्याउनेछ । अन्य कदमले मेसिन गनसहित अत्यधिक घातक हतियारको नियमन खुकुलो बनाउँछ र विक्रेतालाई बिक्री रेकर्ड नष्ट गर्न सहयोग गर्छ, जसका कारण कानुन प्रवर्तनलाई अपराध समाधान गर्न गाह्रो बनाउँछ र जीवनलाई जोखिममा पार्छ ।

अझ गम्भीर कुरा त के छ भने एटिएफले प्रस्ताव गरेका नियममध्ये एउटामा यो उल्लेख छ कि यदि उक्त नियम लागू गरियो भने कानुन कार्यान्वयनमा खटिएका अधिकारीको ज्यान जोखिममा पर्न सक्छ । मैले बढाइचढाइँ गरेको होइन, एउटा प्रावधानले हिंसात्मक अपराधीलाई रोक्ने कानुन कार्यान्वयन निकायको प्रयासमा अवरोध पुऱ्याउन सक्ने बताएको छ भने अर्को प्रावधानले स्पष्ट रूपमा चेतावनी दिएको छ कि यसका परिणामतः 'ठुलो संख्यामा हताहती हुने घटना' हुन सक्छन् ।

कानुनमा गर्न लागिएका यी परिवर्तन केवल प्राविधिक प्रकृतिका होइनन् । बाढीजस्तै आउने प्रस्तावित नियम शृंखलामा बन्दुकलाई गलत व्यक्तिको हातमा पर्नबाट जोगाउन हामी सर्वसाधारणले दशकौं लगाएर खडा गरेको संरचनालाई भत्काउने र पुनर्लेखन गर्ने प्रयास हो यो । यी त्यस्ता प्रणाली हुन्, जसले सामूहिक गोलीकाण्ड, आत्महत्या र बन्दुकको अवैध ओसारपसार रोक्न तथा लाखौंको ज्यान बचाउन दैनिक रूपमा काम गरिरहेका छन् ।

डोनाल्ड ट्रम्प जुनियरको नयाँ अनलाइन बन्दुक विक्रेता 'ग्र्याब अगेन' (जसको प्रचारप्रसार नै 'बन्दुकको अमेजन'का रूपमा गरिएको छ) ले यी परिवर्तनबाट लाखौँ कमाउने अवस्थामा रहनु संयोग होइन । मलाई यो कुराले रातभर निदाउन दिँदैन कि यदि ट्रम्प प्रशासनको योजना सफल भयो भने बन्दुकहरू पनि किराना सामान जसरी नै किनबेच र डेलिभर गरिनेछन्, पिस्तोलहरू 'पेपर टावेल'जस्तै र सटगनहरू 'सिरियल'जस्तै गरी किनबेच हुन्छ । तर, बन्दुक भनेको हतारमा किनेर घरको आँगन वा ढोकाबाहिरै छोडिदिने खालको सामान्य वस्तु हुनुहुँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — सफलताले हिम्मत दिलाउनेछ । प्रयत्न गर्दा राम्रै काममा जग बसाउने मौका छ । दिगो फाइदा हुने काम प्रारम्भ होला । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ ।

**वृष** — सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ ।

**मिथुन** — चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेत समेटेर काम लिनुपर्ने समय छ ।

**कर्कट** — मनोरञ्जनमा अलमलिँदा काममा पछि परिनेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ ।

**सिंह** — प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने मुद्दामा पनि विजय सम्भावना छ । रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ ।

**कन्या** — आँटले सजिलै लक्ष्यमा पुर्याउनेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**तुला** — तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन् ।

**वृश्चिक** — विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ ।

**धनु** — अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । आम्दानीका स्रोत बढ्नेछन् ।

**मकर** — रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ ।

**कुम्भ** — आजको लाभांश सञ्चय नहुन सक्छ । केही फाइदा लिन अर्को वस्तु त्याग्नुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने समय छ ।

**मीन** — आम्दानी बढ्नाले उत्साह जाग्नेछ । पेसा-व्यवसायमा मनग्य लाभ हुनेछ । आवश्यक भौतिक साधन जुट्नेछन्। श्रमको उचित मूल्य पाइनेछ ।

# कोप–३१ : कार्बन उत्सर्जन, जलवायु वित्त र अनुकूलनका विषय प्राथमिकतामा

**युग संवाददाता**
**काठमाडौँ, १० भदौ ।**

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रको ३१औँ सम्मेलन (कोप-३१) आगामी कात्तिक २३ देखि मङ्सिर ४ गतेसम्म हुँदैछ। सम्मेलनको मुख्य आयोजक राष्ट्र टर्किए रहेको छ। शिखर सम्मेलनलगायत अधिकांश महत्वपूर्ण कार्यक्रम पनि टर्किएको अन्ताल्यास्थित अन्ताल्या एक्स्पो सेन्टरमा हुनेछन्। त्यस्तै कोप-३१ को अध्यक्षता टर्किएका पर्यावरण, शहरीकरण तथा जलवायु परिवर्तन मन्त्री मुरात कुरुमले गर्नेछ।

सहआयोजक राष्ट्र अष्ट्रेलियाले भने सम्मेलनका अन्तरसरकारी वार्ताको नेतृत्वका साथै वार्ताको अध्यक्षताको रूपमा जिम्मेवारी सम्हाल्नेछ। त्यस्तै अष्ट्रेलियाले प्रशान्त टापु राष्ट्रहरूसँगको सहकार्यमा प्रि-कोप कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नेछ। यस सम्मेलनले अघिल्ला सम्मेलनमा गरिएका प्रतिबद्धतालाई ठोस कार्यान्वयनमा रूपान्तरण गर्ने उद्देश्यले विभिन्न तीन प्रमुख विषयलाई प्राथमिकतामा राखेको छ।

युएनएफसिसिसीको सचिवालयका अनुसार सम्मेलनमा कार्बन न्यूनीकरणका लक्ष्य र कार्यान्वयनका लागि पेरिस सम्झौताअन्तर्गत थप सुदृढ बनाइएका राष्ट्रिय निर्धारित योगदान (एनडिसिज) को प्रगति समीक्षा गरिनेछ।

त्यस्तै, जलवायु वित्तअन्तर्गत कोप-२९ मा तय गरिएको विकासशील देशका लागि नयाँ सामूहिक परिमाणात्मक वित्तीय लक्ष्य कार्यान्वयन गरिने विषयलाई पनि सम्मेलनमा प्राथमिकतामा राखिएको छ। कोप-३१ मा अनुकूलन तथा उत्थानशीलताअन्तर्गत जलवायुजन्य जोखिमको सामना गरिरहेका मुलुक तथा समुदायको उत्थानशीलता सुदृढ गर्ने तेस्रो प्राथमिकताको विषय हो।



**उत्सर्जन न्यूनीकरण र हिमालका मुद्दा उठाउन सुझाव**

जलवायुबाट बढी प्रभावित नेपालजस्ता मुलुकले सम्मेलनमा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका प्रतिबद्धता कार्यान्वयन, हानि नोक्सानीसम्बन्धी कोषलाई सहज पहुँचयोग्य बनाउनुपर्नेलगायत विषय उठाउनुपर्ने विज्ञहरूको जोड छ।

जलवायु विज्ञ डा विमल रेग्मीले पर्वतीय मुद्दाका साथै जलवायु वित्तको प्रभावकारी वितरण, वित्तीय स्रोतको पहुँच तथा विकासशील र नेपालजस्ता जोखिममा रहेका मुलुकका लागि जलवायु कोषको पहुँचलाई अझ सरल बनाउने विषयलाई प्राथमिकतामा राख्नुपर्ने बताए।

"विश्वव्यापी अनुकूलन लक्ष्यका सूचक तय गर्दा पर्वतीय क्षेत्रका मुद्दालाई समेट्ने, जलवायु वित्त, विज्ञान तथा प्रविधि, अनुकूलनलगायतका मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ," उनले भने। जलवायु परिवर्तनका कारण कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षामा देखिएका चुनौतीलाई नेपालको सन्दर्भसँग जोडेर उठाउनुपर्ने जलवायु विज्ञ डा रेग्मीको भनाई छ।

युथ अलाइन्स फर इन्भाइरोन्मेन्ट (वाइएइ) का कार्यकारी निर्देशक सनोत अधिकारीले नेपालले विगत एक दशकदेखि निरन्तर उठाउँदै आएको हिमालका मुद्दालाई संस्थागत रूपमा अघि बढाउन थप पहल गर्नुपर्नेमा जोड दिए। "पर्वतीय देशले जलवायु परिवर्तनका कारण भोगिरहेका हानि-नोक्सानीका विषयलाई जलवायु वार्तामा थप प्रभावकारी रूपमा स्थापित गर्न आवश्यक छ," उनले भने।

जलवायु वित्तसम्बन्धी विषयलाई कोप-३१ मा नेपालले प्राथमिकताका साथ उठाउनुपर्ने उहाँको भनाइ छ। कोप-२९ मा विकसित देशहरूले सन् २०३५ सम्म विकासशील देशका लागि प्रतिवर्ष कम्तीमा ३०० अर्ब अमेरिकी डलर बराबरको जलवायु वित्त परिचालन गर्ने नयाँ सामूहिक परिमाणात्मक लक्ष्य तय गरेका थिए। उक्त लक्ष्य कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत परिचालन र कार्यान्वयनको स्पष्ट ढाँचा तय गर्न नेपाललगायत विकासशील देशले निरन्तर दबाब दिनुपर्ने आवश्यकता रहेको कार्यकारी निर्देशक अधिकारीको भनाइ छ।

**'जलवायुजन्य क्षतिको लेखाजोखा गर्ने काम भएको छ'**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले पछिल्ला छ वर्षमा नेपालले भोग्नुपरेका जलवायुजन्य विपद्का घटनाका बारेमा अन्तरराष्ट्रिय मञ्च र निकायलाई जानकारी गराउने काम भएको बताए।

"त्यस्ता घटनाको अध्ययन र लेखाजोखा गर्ने काम भएको छ। एलनिनोले समुद्रमा पारेको असर र त्यसबाट हिमाली क्षेत्रका साथै तल्लो तटीय क्षेत्रमा परेको क्षति बारेमा छलफल अघि बढाएका छौँ," उनले भने, "जलवायुका असरले हाम्रा पूर्वाधार र कृषि जमिनमा भएको आर्थिक भारका बारेमा अन्तरराष्ट्रिय निकायसँग निरन्तर छलफल गरेका छौँ, यसमा नेपालले प्रतिस्पर्धा भन्दा पनि जलवायु न्यायका हिसाबले क्षति पाउनुपर्ने हाम्रो माग छ।"

**यस्तो छ नेपालको तयारी**

कोप-३१ मा नेपालको जलवायु परिवर्तनसम्बन्धी धारणा, प्राथमिकता र विगतमा खेलेको भूमिकालाई थप प्रभावकारी रूपमा अन्तरराष्ट्रियस्तरमा प्रस्तुत गर्ने गरी तयारी भइरहेको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ।

कोप-३१ का लागि नेपालको 'कन्ट्री पोजिसन पेपर' तयार गर्ने क्रममा जलवायु परिवर्तनका क्षेत्रमा नेपालका प्राथमिकता, धारणा र मुद्दालाई समेटिने मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवम् सहसचिव डा महेश्वर ढकालले जानकारी दिए। परिवर्तित राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिका साथै सरकारका प्राथमिकताअनुसार जलवायु परिवर्तन नीति, २०७६ (२०१९) लाई संशोधन गर्ने तयारी भइरहेको मन्त्रालयको भनाइ छ।

त्यसैगरी, 'स्थानीय अनुकूलन कार्ययोजना फ्रेमवर्क' तयार गर्ने तथा कार्बन व्यापारका लागि कोरियाली सरकारसँग समझदारीपत्रमा हस्ताक्षर गर्ने तयारी पनि भइरहेको छ। कोप-३१ अघि नै उक्त समझदारीपत्रमा हस्ताक्षर गर्ने सरकारको तयारी छ।

"सबै पक्षलाई समेटेर नेपालको धारणा प्रभावकारी रूपमा प्रस्तुत गर्न सानो तर चुस्त प्रतिनिधिमण्डल बनाउने तयारी गरिएको छ," सहसचिव डा ढकालले भने, "कोप-३१ मा वार्ताका लागि सहभागी हुने सरकारी अधिकारीको वार्ता तथा नेगोसिएसन सीप अभिवृद्धि गर्न तालिमसमेत सञ्चालन गरिनेछ।"

कोप-३१ अघि राष्ट्रियस्तरको जलवायु सम्मेलन आयोजना गरी विभिन्न सरोकारवाला पक्षका विचार, सुझाव र धारणालाई समेटेर नेपालको तयारीलाई थप बलियो बनाउने योजना रहेको उनले बताए। सम्मेलनको तयारीका लागि सुझाव लिन अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) सँगको सहकार्यमा गण्डकी र बागमती प्रदेशका स्थानीय तहका प्रमुख तथा उपप्रमुखको राष्ट्रियस्तरको भेलासमेत आयोजना गरिनेछ।

**हिमालका मुद्दा सधैँ प्राथमिकतामा**

डेनमार्कको कोपनहेगनमा सम्पन्न कोप-१५ देखि नै अन्तरराष्ट्रिय मञ्चमा हिमालका मुद्दा प्राथमिकताका साथ उठाउँदै आएको नेपालले कोप-३१ मा पनि सोही मुद्दा प्राथमिकताका साथ उठाउने तयारी गरेको छ।

पर्वतीय मुद्दालाई प्राथमिकताका साथ अन्तरराष्ट्रिय जलवायु वार्तामा उठाइने सहसचिव डा ढकालले बताए। यससँगै पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता विकासका विषयलाई नेपालले प्राथमिकताका साथ प्रस्तुत गर्नेछ।

"नेपालले जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेका समुदायका लागि आवश्यक जलवायु वित्त पर्याप्त नभएको भन्दै अन्तरराष्ट्रिय जलवायु कोषबाट थप स्रोत परिचालनका लागि पहल गर्ने तयारी गरेको छ," डा ढकालले भने, "त्यसैगरी जलवायु परिवर्तनसँग जुध्न आवश्यक नयाँ तथा उन्नत प्रविधिको पहुँच र हस्तान्तरणलाई प्राथमिकतामा राखिने छ।"

कम कार्बन उत्सर्जनमा योगदान गर्दै आएको तर जलवायु परिवर्तनको उच्च जोखिममा रहेको नेपालले स्थानीय समुदायको जलवायु अनुकूलन क्षमता अभिवृद्धिको विषयलाई प्राथमिकतामा राखिएको छ। त्यस्तै जलवायु अनुकूलन, जलवायुजन्य हानि नोक्सानी, हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण, जलवायु वित्त, प्रविधि हस्तान्तरण तथा क्षमता विकास नेपालका प्राथमिकताका विषय हुन।

## जलविद्युत् आयोजनाको सहयोगमा घुमाउनेताल-मौवाफाँट सडक कालोपत्र



**युग संवाददाता**
**म्याग्दी, १० भदौ ।**

यहाँको रघुगङ्गा गाउँपालिकाको केन्द्र मौवाफाँट जोड्ने घुमाउनेताल-मौवाफाँट सडक कालोपत्र गरिने भएको छ। रघुगङ्गा गाउँपालिकामा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूको सहयोगमा कालीगण्डकी करिडोरको घुमाउने तालदेखि पिप्ले हुँदै पालिकाको केन्द्र मौवाफाँट जोड्ने सडक कालोपत्र गर्न लागिएको हो।

दुई दशकअघि मार्ग खुलेको उक्त सडक स्तरोन्नतिसहित कालोपत्र योजना सुरु भएको गाउँपालिकाका अध्यक्ष भबबहादुर भण्डारीले जानकारी दिए। "कालीगण्डकी करिडोरको बेनी-जोमसोम सडकअन्तर्गत घुमाउने तालदेखि गाउँपालिका केन्द्र मौवाफाँट जोड्ने छ किलोमिटर ४०० मिटर सडक कालोपत्र गर्न लागिएको हो", उनले भने, "४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको प्रवर्द्धक नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरको ८० प्रतिशत र पालिकाभित्र निर्माण सम्पन्न भएका र निर्माणाधीन अन्य जलविद्युत् आयोजनाहरूको २० प्रतिशत लागत साझेदारीमा सडक स्तरोन्नतिसहित कालोपत्र योजना अगाडि बढाइएको हो।"

घुमाउने तालदेखि पिप्ले हुँदै पालिका केन्द्र मौवाफाँट चोकसम्म कालोपत्र र त्यहाँदेखि बुक्ल-बाँधस्थल खण्डको सडक ग्राभेलसहित खोल्साहरूमा कलभर्ट निर्माण गरिने योजना छ। साँघुरो, जीर्ण र कच्ची सडकलाई, घुम्ती सुधार, नाली, पर्खाल तथा ग्याबियन निर्माण गरी फराकिलो पारेर कालोपत्र योजना थालिएको गाउँपालिकाका अध्यक्ष भण्डारीले जानकारी दिए।

जलविद्युत् आयोजनाहरूले पहुँच मार्गका रूपमा प्रयोग गरेको सडक स्तरोन्नतिका लागि गाउँपालिकाले धेरै प्रयास गरेपछि अहिले आएर सार्थकता पाएको उहाँले बताउनुभयो। गाउँपालिकाको संयोजनमा एक वर्षअघि भएको राजनीतिक दल, सरोकारवाला र जनप्रतिनिधिसमेतको छलफलमा जलविद्युत् आयोजनाले पहुँच मार्गका रूपमा प्रयोग गरेको सडक स्तरोन्नति गर्ने प्रतिबद्धता जनाएअनुसार कालोपत्रको योजना अघि बढेको अध्यक्ष भण्डारीले बताए।

हाल रघुगङ्गा हाइड्रोपावरले सडक फराकिलो पार्ने, नाली निर्माण र सबबेस हाल्ने काम गरिरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले बताए। उनका अनुसार राहुघाट जलविद्युत् आयोजनाले कालोपत्र गर्ने कामबाहेकका सम्पूर्ण काम गर्ने र अन्य जलविद्युत् आयोजनाहरूले कालोपत्र गर्ने खर्चको २० प्रतिशत लागत व्यहोर्नेगरी सम्झौता भएको छ। आगामी कात्तिक १५ गतेसम्म सडक स्तरोन्नतिको काम सक्नुपर्ने आयोजनासँग लिखित सम्झौता भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए।

सडक स्तरोन्नतिसहित कालोपत्र भएपछि रघुगङ्गाका आठवटै वडाका बासिन्दालाई सहज हुने जनाइएको छ। रघुगङ्गा गाउँपालिका भएर बग्ने राहुघाट नदीमा ४८.५ मेगावाटको माथिल्लो राहुघाट, ३५.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, २१.३ मेगावाटको ठूलोखोला, २२.५ मेगावाटको माथिल्लो ठूलोखोला 'ए' लगायतका आयोजना सञ्चालनमा छन्। चालीस मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाले परीक्षण उत्पादनको तयारी गरेको छ।

## नेपाल टेलिकमद्वारा बाढी प्रभावित क्षेत्रमा निःशुल्क सेवा

**युग संवाददाता**
**काठमाडौँ, १० भदौ ।**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) ले रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितका लागि टेलिफोन, एसएमएस तथा इन्टरनेट सेवा निःशुल्क गरेको छ। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले बाढीबाट प्रभावित क्षेत्रका लागि निःशुल्क टेलिफोन तथा इन्टरनेट सुविधा तत्काल उपलब्ध गराउन निर्देशन दिनुभएको थियो।

नेपाल टेलिकमले सो क्षेत्रका बासिन्दाका लागि दुई दिनका लागि अनलिमिटेड भ्याइस सेवा, प्रतिदिन २ जीबी डाटा तथा ५० एसएमएस निःशल्क गरिएको नेपाल टेलिकमका प्रवक्ता कमल लामिछानेले जानकारी दिए।

टेलिकमले बाढी प्रभावित क्षेत्र तथा आसपासका सेवाग्राहीलाई सावधानी अपनाउनका लागि एसएमएससमार्फत् जानकारी निरन्तर जानकारी दिइरहेको छ। टेलिकमका अनुसार बाढीका कारण रसुवामा २ र नुवाकोटमा ५ वटा गरी ७ टावरमा क्षति भएको प्रारम्भिक विवरण रहेको छ। मर्मत सम्भारका लागि नेपाल टेलिकमको टोली प्रभावित क्षेत्रमा खटिईसकेको छ।

## जलविद्युत्मा...

पुगेको छ। नुवाकोट जिल्लामा सरकारी लगानीमा सञ्चालित चार आयोजनाबाट उत्पादन हुने एक सय २३ मेगावाट बिजुली राष्ट्रिय ग्रीडबाट बिच्छेद भएको जनाइएको छ।

जसमा त्रिशुली जलविद्युत आयोजना २४, देवीघाट जलविद्युत १४.१, माथिल्लो त्रिशुली-३ ए ६०, र ४० मेगावाट क्षममताको सोलार आयोजनामा क्षति पुगेको छ। नुवाकोटमा निजी क्षेत्रले विकास गरिरहेका माथिल्लो त्रिशुली-३ ए, ३७ र माथिल्लो त्रिशुली-३ बी १५.६ मेगावाटका आयोजनामा ठुलो क्षति भएको छ। बाढीले जलविद्युत आयोजना बगाउँदा काठमाण्डौं विद्युत कोरिडोरमा विद्यत व्यवस्थामा सकस भइरहेको जनाइएको छ।

## पश्चिमी...

यहाँबाट भारतका पर्यटकीय शहर नजिक छन्," पर्यटन व्यवसायी जगदीशचन्द्र भट्टले भने, "नाकामै पर्यटन सूचना डेस्क स्थापना हुनुपर्छ।"

उनले यहाँबाट आउने पर्यटकलाई सुचना केन्द्रबाट सुदूरपश्चिमलगायत नेपालका पर्यटकीय गन्तव्यका बारे जानकारी दिनुपर्ने व्यवस्था गर्नुपर्ने बताए। पर्यटन प्रवर्द्धनका लागि निजी क्षेत्र र सरकाले समन्वयमा काम गर्नुपर्ने उनको भनाई थियो।

सुदूरपश्चिममा पर्यटनका सम्भावना भए पनि पर्याप्त पूर्वाधार विकास र प्रचारप्रसारको अभावका कारण पर्यटक अन्यत्र जाने गरेको कञ्चनपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दिनेश मल्लले बताए। "हामीसँग रहेका आकर्षक गन्तव्यसम्म पुग्न सहज पूर्वाधार र अन्य सुविधाको अभाव छ," उनले भने, "यहाँका पर्यटकीय गन्तव्यको प्रचारप्रसार गरी पर्यटकलाई एक रात भए पनि यतै बस्ने वातावरण बनाउनुपर्छ।"

## उपभोक्ताको...

वितरण गरेको उनले जानकारी दिए।

प्रेमलालसँग वर्षौंअघि हवाईजहाजबाट नेपालगञ्जसम्म स्याउ ढुवानी गरेर बिक्री वितरण गरेको अनुभव छ। कमजोर ढुवानी व्यवस्थापनका कारण स्याउको गुणस्तर कायम राख्न मुस्किल थियो। "पहिला बाटो नहुँदा हवाईजहाजबाट नेपालगञ्ज ल्याएर बिक्री वितरण गर्नुपर्थ्यो, हवाईजहाजबाट ल्याउँदा स्याउ थिचिने सड्ने जोखिम धेरै हुन्थ्यो", उनले भने, "कर्णाली राजमार्ग सञ्चालनमा आएपछि भने ढुवानीमा क्रान्तिकारी परिवर्तन आएको छ। अहिले जुम्लाबाटै ग्रेडिङ गरेर प्याकिङ भई स्याउ सिधै तराईका बजारमा आइपुग्छ।"

कर्णालीको रेड डेलिसियस र गोल्डेन डेलिसियस जातको स्याउ बजारमा उपलब्ध छन्। नेपालगञ्जको धम्बोझी, कारकाँदो र पुष्पलालचोक क्षेत्रमा कर्णालीका महिलाले फुटकर रूपमा स्याउ बिक्री वितरण गरिरहेका छन्। जुम्ला गुठीचौर गाउँपालिका-४ निवासी स्याउ व्यापारी रामप्रसाद न्यौपानेले यो वर्ष कर्णालीको स्याउलाई रुखमै पाक्न दिएर टिपिएकाले थप स्वादिलो रहेको बताए। उनले चन्दननाथ नगरपालिका-१० गैरागाउँबाट खरिद गरेको ४४३ कार्टुन स्याउ नेपालगञ्जको फलफूल बजारमा बिक्री गरेका छन्।

कर्णालीमा अहिलेसम्म किसान र केही व्यवसायीले आफ्नो हिसाबले स्याउ खेती गरिरहेका छन्। टिपाइ, ग्रेडिङ, प्याकिङलगायतमा ध्यान दिन सके कर्णालीको स्याउ नेपालभर बिक्री वितरण गर्न सकिने व्यवसायी न्यौपानेको भनाई छ।


**सुन्दर नेपाल संस्था**
**पोषण परियोजना**
**वीरेन्द्रनगर ०८, सुर्खेत**

**शिलबन्दी दरभाउपत्र मागको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/११)**

सुन्दर नेपाल संस्था (BNA), सामुदायिक विकासमा क्रियाशील एक मुनाफारहित गैह्र सरकारी संस्था हो। CARE Nepal र iDE Nepal को संयुक्त साझेदारीमा सुन्दर नेपाल संस्थाको सहजीकरणमा संचालित पोषण परीयोजना सुर्खेत जिल्लाको ५ वटा पालिका (वीरेन्द्रनगर, वराहताल,लेकवेशी, गुर्भाकोट र भेरीगंगा)मा संचालन भएको छ। तपशिल अनुसारका सामाग्रीहरु आपुर्तिगर्न इच्छुक आपूर्तिकर्ता मुल्य अभिबृद्धि कर (भ्याट)मा दर्ता भएका उत्पादक, अधिकृत बिक्रेता तथा वितरकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिलको शर्तहरुको अधिनमा रहि आपूर्तिकर्ताले गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। तोकिएको मिति र समयमा प्राप्त शिलबन्दी दरभाउपत्रलाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ। म्याद नाघी आएका ,रीत पुरा नभएका दरभाउपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन। शिलबन्दी दरभाउपत्रमा उल्लेखित समामग्रीहरु आंशिक रुपमा पनि खरिद गर्न सकिने छ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्रको फारम सुन्दर नेपाल संस्थाको कार्यालयबाट वा संस्थाको वेवसाइट www.sundernepal.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिने छ।
२. शिलबन्दी दरभाउपत्र फारमका साथ उधोग रफर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र चालु आ.व.को कर चुक्ता वा म्याद थप पेश गरी शिलबन्दी दरभाउपत्र खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिबार्य हुनुपर्नेछ।
३. शिलबन्दी दरभाउपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनुपर्नेछ, अन्यथा उक्त दरभाउपत्र दर्ता गर्न संस्था बाध्ये हुने छैन।
४. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मितिको भोलीपल्ट १ बजे सुन्दर नेपाल संस्थाको खरीद समिती रदरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थितिमा यस सुन्दर नेपाल संस्था को कार्यालयमा दरभाउपत्र खोलिनेछ। यदि दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थिति हुन नसकेको खण्डमा पनि दरभाउपत्र खोलिनेछ। तर सो दिन सार्बजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खोलिने छ।
५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने अधिकार सुन्दर नेपाल संस्थामा निहित हुनेछ।
६. यस बाहेक थपजानकारी आबश्यक परेमा तल उल्लेखित कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
७. सामाग्रीहरुको मापदण्ड तथा गुणस्तर चेकजांच गरेपछि मात्र भुक्तानी प्रक्रियामा बढाइने छ।

**आवश्यक सामाग्रीहरु अनुमानित परिमाणमा :**

(क) १ महिनाको गिरिराज कुखुराको चल्ला १६०० वटा
B1 दाना ५००० किलो
Feeder प्लास्टिकको ३ किलोको २०० वटा
Drinker प्लास्टिकको ३ लिटरको २०० वटा
(ख) 280 GSM glossy paper, A5 size, single page, both side color print २१४५० प्रती
80 GSM, legal size, 100 pages, both-side print with book cover २०० प्रती

माग परिमाणमा १० प्रतिशत सम्म घट बढ हुनसक्ने छ।
ब्यबसाय अनुसार क, ख वा दुबैको शिलबन्दी दरभाउपत्र बुझाउन सकिने छ।
फाराम बुझाउने अन्तिम मिति २०८३।०५।१७ गते ५ बजेसम्म हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थान :**
**सुन्दर नेपाल संस्थाको कार्यालय**
**आवास क्षेत्र सुर्खेत, फोन नं ०८३५२०९२६, ०८३५२३५३०**

# धुवाँरहित चुलोले घटाउँदैछ दाउराको खपत घरभित्रको प्रदूषण र स्वास्थ्य जोखिम

**सरला सुवेदी**
**बाँके, १० भदौ ।**

बाँकेको जानकी गाउँपालिकाले घरभित्रको धुवाँबाट हुने स्वास्थ्य जोखिम न्यूनीकरणसँगै दाउराको खपत घटाउने उद्देश्यले सुधारिएको धुवाँरहित चुलो वितरण अभियान सुरु गरेको छ। हरित जलवायु कोष, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, जानकी गाउँपालिका र उपभोक्ताको लागत साझेदारीमा सुधारिएको चुलो वितरण थालिएको हो।



अभियानअन्तर्गत पहिलो चरणमा गाउँपालिकाका वडा नम्बर २ र ३ का २ सय ९० घरपरिवारलाई सुधारिएको चुलो वितरण गरिएको छ। गाउँपालिकाले आगामी दिनमा थप घरधुरीमा चुलो पुऱ्याउँदै कुल ७ सय ६७ घरपरिवारलाई सुधारिएको चुलो वितरण गर्ने लक्ष्य लिएको जनाएको छ।

कार्यक्रमका लागि गाउँपालिकाले ६ लाख ९० हजार ३ सय रुपैयाँ बजेट विनियोजन गरेको छ भने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको साझेदारी ३६ लाख ८१ हजार ६ सय रुपैयाँ रहेको छ। कार्यक्रमको कुल लागतमा हरित जलवायु कोषको ४० प्रतिशत, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको ४० प्रतिशत, गाउँपालिकाको १५ प्रतिशत र उपभोक्ताको ५ प्रतिशत लागत साझेदारी रहेको गाउँपालिकाले जनाएको छ।


परम्परागत चुलोबाट निस्कने धुवाँका कारण विशेषगरी गृहिणी तथा परिवारका अन्य सदस्यमा विभिन्न स्वास्थ्य समस्या देखिने गरेको अवस्थामा सुधारिएको चुलोको प्रयोगले घरभित्रको वायु प्रदूषण कम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। कम दाउरामा खाना पकाउन सकिने भएकाले दाउरा सङ्कलनमा लाग्ने समय, श्रम र खर्चसमेत घट्ने गाउँपालिकाको भनाई छ। गाउँपालिका अध्यक्ष छब्बन खाँले नागरिकको स्वास्थ्य संरक्षणसँगै स्वच्छ ऊर्जा प्रवर्द्धनका लागि सुधारिएको चुलोको प्रयोगलाई प्राथमिकतामा राखिएको बताए। सुधारिएको चुलोले दाउराको खपत घटाउनुका साथै चुलोको कार्यदक्षता बढाउने र भान्साभित्रको धुवाँ नियन्त्रण गर्न महत्वपूर्ण भूमिका खेल्ने उनको भनाई छ।

"सुधारिएको चुलोको प्रयोगले धुवाँमा रहेका हानिकारक कण तथा ग्यासको मात्रा धेरै हदसम्म घटाउन सहयोग गर्छ। यसबाट दम, खोकी, निमोनिया, श्वासप्रश्वास तथा फोक्सोसम्बन्धी समस्या, आँखा चिलाउने र टाउको दुख्नेजस्ता समस्याको जोखिम कम गर्न मद्दत पुग्छ," अध्यक्ष खाँले भने।

उनले गाउँपालिकाका सबै सम्भावित घरधुरीमा सुधारिएको चुलो पुऱ्याउने लक्ष्यसहित कार्यक्रमलाई क्रमशः विस्तार गरिने बताए। स्वच्छ ऊर्जा प्रवर्द्धन, वातावरण संरक्षण र नागरिकको स्वास्थ्य सुधारलाई जोड दिँदै कार्यक्रम अघि बढाइएको उनको भनाई छ।

सुधारिएको चुलो पाएपछि स्थानीय गृहिणीसमेत उत्साहित भएका छन्। स्थानीय नुरबानो खाँले नयाँ चुलो प्रयोग गर्न थालेपछि भान्साको काम सहज हुनुका साथै दाउरा र समय दुवैको बचत भएको बताए।

## घुयँत्रो



हैन ! के भा हुन कर्नालिका मुख्यमन्त्री ? बल्लबल्ल एमालेहरलाई सरकाराँ मिसाएछि अब प्रदेश सरकार राम्ररी चल्छ कि भन्या त फेरि माओवादि अर्थात आफ्नै दलबाट मन्त्री बनाएर सपथग्रहणका लागि समय तोकेर निम्ता समेत पठाई सक्दानि सपथग्रहण गराउन नसकेर कार्यक्रम नै ढिसमिस बनाए त हँ मुख्यमन्त्रीले त ! हैन यिनी ( मुख्यमन्त्री मंगल शाहि) त माओवादि भएर नि मुटुनै नभा मान्छे रैछन कि क्या ? यिनको यस्तो चालाले हिजो माओवादि संगठनाँ बसेर कसरी काम गरे होलान। आफू मुख्यमन्त्री भा १ मैना हुन लाईगो बल्लबल्ल एमालेले माग्या मन्त्रालयजति उसलाई देछि अब सरकार बन्छ कि त भनेर आँखा च्याति च्याति मुख्यमन्त्रीतिर हेर्दानि सरकाराँ मन्त्रीले पूर्णता पाउने जस्तो देख्खियनत हँ! विपक्षिले त क्वाईं घचक गर्छन गर्छन ह्याँ त आफ्नैले पो क्वाईंघचक गर्या देख्खियो त हँ। १ मैना पुग्दानि मन्त्रीहरु बनाउन नसकेछि विचरा मुख्यमन्त्रीलाई यो मुख्यमन्त्रीको पद नि " दिनभरिको सिकार कान्छा बाउको अनुहार" भा छकि जस्तोपो मान्याछु मैले त! ऐलेसम्म सबै मन्त्रालयाँ मन्त्री नबनेछि कर्मचारी त्यसै छाडाछन। यो भदौ मैनासम्म विकास निर्माणका टेण्डर सकेर दशैंपछियाट भकाभक् विकास निर्माणका कामको शुरु गर्नु पर्ने हो तर, मन्त्रालयमा मन्त्री छैन। सचिव मन्त्रालय बस्दैन अनि कर्मचारीहरु छाडा बनेर हिँडि रहेकाछन। उनिहरुमा मन्त्री नभएनि आँफुलाई तोकियको काम गर्नु पर्छ भन्ने जिम्मेवारी नै बोध छैन। हिजोदेखि जसरि प्रशासन चलाउँदै आए आजनि त्यसरिनै चल्नु पर्छ भन्ने मानसिकताबाट चलेका कर्मचारीहरु समय अनुसार परिवर्तन भएर चल्नु पर्छ भन्नेतिर ध्याननै छैन। त्यसैले सरकार परिवर्तन होस कि नहोस आफ्नो बानि कतै नजाने भन्याझैं टाङाको घोडाजस्तो एकोहोरो नेपालको प्रशासनले जनताको जिवनस्तरमा केही परिवर्तन ल्याउला त्यस्तो संकेत कर्मचारीको काम गराईमा छैन। सुन्नमा आएअनुसार माधब नेपालका मान्छेहरुले यौटा मन्त्री पद मागेका तर,माओवादिहरुले उनिहरुलाई नदिएछि उठेको बखेडाले मन्त्रीहरुको सपथ हुन सकेन भन्ने बजारहल्ला छ। यसरि मुख्यमन्त्रीले क्याविनेटलाई पूर्णता दिन नसकेछि कर्नालि प्रदेशसभा कुनचाहिँ सदस्यको कमाण्डमाछ उसले तत्काल समाधान दिन सक्नु पर्छ यदि समाधान भएन भने मन्त्री बनाउन वलि र प्रचण्डले हस्तछेप गर्न सक्छन। प्रदेशको अधिकार बारम्बार हस्तछेप गरेर कर्नालिका कमिनिष्ट नेताहरुलाई पुङभाङ बनाउँदै आएका वलिले यसपटक त मुख्यमन्त्री बनाउन मात्रै हैन मन्त्रीहरुनै बनाउन हस्तछेप गरे भने पक्कै पनि वाग्मतीको मुख्यमन्त्री जस्तै चलअचल सबै कुराले वलिलाई भरिपूर्ण बनाउने मान्छे नै खोज्छन त्यसमा दुईमत छैन। त्यसैत हरेक कुरामा पछि परेको कर्नालि प्रदेश अँझ भएन भनेर सम्बन्धित मन्त्रालयमा मन्त्री नै नभएछि कर्मचारीले कुनैपनि काम अघि नबढाई दिएछि प्रदेशको विकास त त्यसै पनि ठप्प हुन्छ। सरकारले चाहेर नि योजनामा छुट्याईएका बजेट खर्च हुन सक्ने छैनन र अनि विकास निर्माण र त्यसमा खर्च हुने वजेटको हविगत विगतका बर्षहरुको जस्तै हुनेछ भने विकास निर्माण नि यौटादलका कारण अलपत्र पर्ने निश्चित छ। त्यसैले वलि हुन कि प्रचण्ड ,कर्नालिको सरकारलाई तत्काल पूर्णता दिएर प्रदेशको अन्यौलता हटाउ !यो प्रदेशको राजनीतिलाई कति नाङ्गो बनाउछौ। कि त तिमरु नि सडकमा नाङ्गिएर हिँडेछि मात्रै समस्याले समाधान पाउने हो र ! हैन भने त १ मैना भयो सरकार बन्दैन कमिनिष्टहरु कति निकम्मा भै सकेछन भन्लान त जनताले ! कति चेतना शून्य भएर बाँच्छौ हो कमिनिष्ट हो। जनतालागि न सहि तिमरकै लागि भएनि सरकारलाई पूर्णता त देओ।

## कर्णालीमा भारी वर्षाको सम्भावना :

# कर्मचारीलाई विदामा नबस्नदेखि तिर्थयात्रीलाई सतर्क रहन सरकारको आग्रह

**युग संवाददाता**
**सुर्खेत, १० भदौ ।**

कर्णाली प्रदेश सरकारले देशका विभिन्न क्षेत्रमा भइरहेको अविरल वर्षा, बाढी र पहिरोको जोखिमलाई मध्यनजर गर्दै प्रदेशभर उच्च सतर्कता अपनाउन आह्वान गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार बसेको विपद् व्यवस्थापन समन्वयात्मक बैठकले विपद्को जोखिम कायम रहेकाले कार्यालय प्रमुख तथा जिम्मेवार कर्मचारीलाई अत्यावश्यक कामबाहेक विदामा नबस्न निर्देशन दिएको छ। अत्यावश्यक कामले विदामा बस्नुपर्ने अवस्था आएमा अनिवार्य रूपमा वैकल्पिक व्यवस्था मिलाउन भनिएको छ। बैठकले रसुवाको भोटेकोशी नदीमा १० भदौमा आएको विनाशकारी बाढीबाट कर्णालीका नागरिकसमेत प्रभावित भएको हुन सक्ने भन्दै उनीहरूको अवस्था पहिचान गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई परिचालन गर्ने निर्णय गरेको छ।


## बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

**बाढी/पहिरो आएमाः**
- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत



हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९


युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।